नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०  अंक ८०  २०७७ साल कात्तिक ५ गते बुधबार (21 Oct. 2020 Wednesday)  मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : कोरोनाले चौपट ... ३ पृष्ठमा : सरकारलाई मानव अधिकार... ३ पृष्ठमा : खुकुलो लकडाउन भएरपनि ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# किरा र लेदोसहितको बोतलको पानी बजारमा
# पानी पिएर दुई जना बिरामी




**दैनिक समाचारदाता**
**राजविराज, ४ कात्तिक ।**

अहिले चाडपर्वको बेला सप्तरीमा बजार अनुगमन टोलीले खाद्य बस्तुहरुको अनुगमन गरिरहँदा सिलप्याक गरिएको पानीको बोतलमा किरा र लेदो भेटिएको छ। उक्त फोहर र किरायुक्त पानी खाँदा दुई जना बिरामी समेत परेका छन् ।

शुद्ध पिउने पानी भनेर बोतलमा उपभोक्तलाई बिक्रि गर्दै आएको "एकुवा (एक्युयुए) वाटर" भित्र किरा र फोहर लेदो भेटिएपछि उपभोक्ताले उत्पादक कम्पनीलाई कारवाही गर्न माँग गरेका छन् ।

सप्तरीको शम्भुनाथ नगरपालिका ५ मोहनपुरमा रहेको बिरेन्द्र सन्स फुड एण्ड ब्रेभेज उद्योगद्वारा उत्पादित भई बिक्रि बितरणका लागि राजविराज पठाएका प्राय बोतलमा फोहर लेदो र किरा फेला परेको उपभोक्ताले बताएका छन् ।

पसलमा बिक्रिका लागि पठाइएका एकुवा प्रशोधित सिलप्याक बोतलको पानीमा किरा र लेदो भएकाले उत्पादन बन्द गराउन उपभोक्ताका तर्फबाट राजविराज नगरपालिकाका पूर्वमेयर महिदेव चौधरीले माग गरेका छन्। उनले शुद्ध पिउने पानीको नाममा उपभोक्ताको स्वास्थ्यमा गम्भिर असर पर्ने फोहर पानी उत्पादन गरि बिक्रि गर्ने कम्पनीलाई तत्काल कारवाही गर्न माँग गरेका हुन् ।

उनले आफ्ना भाई सूर्यदेव चौधरीलाई तिर्खा लागेपछि शुक्रबार बजारमा सोही ब्रान्डको पानी खरीद गरि खाँदा अचानक

***बाँकी तीन पृष्ठमा***

# दशैंमा बैंक नखुल्ने

काठमाडौँ, ४ कात्तिक (रासस) ।

कोरोना भाइरस सङ्क्रमणलाई ध्यानमा राख्दै बैंकहरूले दशैँबिदामा आफ्ना शाखाहरू नखोल्ने भएका छन् । गत वर्ष बडादशैंका बिदामा समेत सीमित बैंकका काउन्टर खोलेर सेवा प्रवाह गरेका बैंकले यस वर्ष कुनै पनि बैंक नखोल्ने निर्णय गरेका हुन् ।

बैंकहरूको छाता सङ्गठन नेपाल बैंकर्स सङ्घले सीमित शाखा खोलेर बैकिङ सेवा दिँदा कोरोना सर्ने जोखिम बढ्ने सम्भावना भएकाले नखोल्ने निर्णय गरिएको जनाएको छ । सङ्घका प्रमुख कार्यकारी अधिकृत अनिल शर्मा सरकारले तोकिएअनुसार यही कात्तिक ७ देखि ११ गतेसम्म पाँच दिन सबै वाणिज्य बैंकका शाखा बन्द भएको निर्णय सुनाउनुहुन्छ । 'दशैँमा कम आवतजावत हुन्छ, सीमित बैंक मात्र खुला गर्दा बढी भिीभाड हुन सक्छ', उहाँले भन्नुभयो, 'अधिकांश बैंकका कर्मचारीमा कोरोना सङ्क्रमण पुष्टि भएको छ । सङ्क्रमणको जोखिम लिनुभन्दा पाँच दिन बन्द गर्दा उपयुक्त हुने निष्कर्षसहित बन्द गरिएको हो ।'

हाल बैंकहरूले एटिएम तथा डिजिटल कारोबारलाई प्राथमिकतामा राख्दै आएकाले यस पटक डिजिटल बैंकिङलाई प्रोत्साहन गरी शाखा खोलेर दिने सेवालाई बन्द गरिएको बताएका छन् । दशैँका समयमा वाणिज्य बैंक बन्द गर्ने कुरा नेपाल राष्ट्र बैंकको अधिकार क्षेत्रभित्र नपर्ने राष्ट्र बैंक, नियमन विभागका प्रमुख देवकुमारमा ढकाल बताउनुहुन्छ ।

सामान्यतया राष्ट्र बैंक खुल्ने दिन र समय बैंकबाट नियमन हुने सबै बैंक तथा वित्तीय संस्था खुला हुनुपर्छ । अहिलेको विषम परिस्थितिमा अनिवार्य रुपमा खुला गर्नुपर्छ भन्ने अवस्था नभएको उहाँको जिकिर छ ।



## सम्पादकीय ....

# घरपरिवारसँगै मनाऔं चाडपर्व

वडा दशैंको आज पाचौं दिन । तर, यस पटकको दशैं खल्लो भएको छ । कोरोना महामारीका कारण मन्दिरहरुमा श्रद्धालुभक्तजनहरुको आगमन न्यून भएको छ । जसकारण दशैं खल्लो भएको हो । समुदायस्तरमा महामारी फैलिएपछि अहिले यसको असर दशैंमा परेको छ । स्थानिय प्रशासनले मठमन्दिरमा पूजापाठ गर्न निषेधाज्ञा जारि गरेपछि अहिले मन्दिरहरु सुनसान देखिएको छ । विगत ७ महिनादेखी महामारीको चपेटमा रहेका जनताहरुमा अहिले संक्रमणको पुनः त्रास बढेको छ ।

यसरी मुलुकमा महामारीका कारण सम्पूर्ण क्षेत्र प्रभावित भएको छ भने शिक्षा क्षेत्र प्राय ठप्प रहेको छ । यस्तो त्रासपूर्ण अवस्थामा अहिले नेपाली जनता वडा दशैं मनाउन बाध्य छन् । आफ्नो घर छोडेर अन्यत्र रोजगारीको शिलशिलामा रहेकाहरु कोरोना महामारीका कारण वर्षमा एक पटक दशैंको बेलामा आ-आफ्नो घर फर्किन समेत सकिरहेका छैनन् । घर फर्किन नसकेका हरु यस पटकको दशैंमा जहा छन् त्यही मनाउने अवस्था आएको छ । जेहोस् महामारीको समयमा सबैभन्दा पहिलो स्वास्थ्यको ख्याल गरि अनिमात्र कुनै पनि चाडपर्व मनाउनु उचित देखिन्छ ।

तसर्थ स्वास्थ्यको ख्याल गरि आफु पनि सर्तक रहौं अरुलाई सर्तक भई चाडपर्व मनाउन प्रोत्साहित गरौं ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोरोनाले चौपट बन्दै शिक्षा क्षेत्र

# विद्यालय जान पाएको साईकल घरकै कुनामा थन्किए

**मनोजकुमार माझी**
**राजविराज, ४ कात्तिक ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका स्थित बभनगामा कट्टीकी संगीताकुमारी मण्डललाई विद्यालय जान सहयोग पुगोस् भनि गत फागुनमा साईकल प्रदान गरियो । बभनगामा कट्टीस्थित लक्ष्मीबल्लभ नरसिंह उच्च माविको कक्षा ८ की छात्रा उनलाई प्रदेश २ सरकारले सञ्चालनमा ल्याएको बेटी पढाउ बेटी बँचाउ कार्यक्रम अन्तर्गत साईकल दिँदा उनी निकै उत्साहित पनि थिईन् ।

घरबाट दुई किलोमिटर टाढाको विद्यालय आफ्ना अन्य संगीसितै एक महिनाजति उनले साईकलमै धाईन् । तर करीब एक महिनापछि रोकिएको उनको विद्यालयसम्मको यात्रा अहिले पनि सुचारु बनेको छैन । कोरोनाको संक्रमण फैलिन थालेपछि चैत ११ देखि भएको लकडाउन तथा त्यसपछिको निषेधाज्ञाका कारण बन्द भएको विद्यालय हालसम्म नखुल्दा पाएको नयाँ साईकल अहिले थन्कयाएर राखेकी छिन् उनले । सुरुका केही दिनसम्म त विद्यालय खुल्ला र पढ्न जान पाईएला भन्ने लाग्थ्यो,उनले भनिन्,तर महिनौं बित्दा पनि नखुलेपछि साईकल थन्क्याएर राखिदिएकी छु ।

पहिला विद्यालय नियमित चल्दा समयमा तयार भई जाने,घरमा पनि गृहकार्य गर्ने बानी रहेको भएपनि अहिले लामो समयको विद्यालय बन्दका कारण पढाई समेत निरन्तर हुन नसकेको उनको भनाई छ । सुरुका दिन त माथिल्लो कक्षाका पुराना किताब ल्याएर पढ्ने गरेको भएपनि शिक्षकको अभावका कारण धेरै कुरा बुझ्न नसकिएको उनको अनुभव छ । यही कारणले पठनपाठन भन्दा पनि घरको कामकाज गर्ने,वस्तुभाउ चराउने तथा आमालाई काममा सघाउनेतिर लागेपछि उनको पढाईको निरन्तरता टुटेको छ । कोरोनाका कारण विद्यालय बन्द रहँदा पठनपाठन बिथोलिनेमा संगीता एक्लै भने होईनन् ।

चैत ११देखि बन्द भएका जिल्लाका ५ सय १३ सामुदायिक तथा एक सय ७७ निजी विद्यालयका अधिकांश विद्यार्थीको अवस्था यस्तै बनेको छ । कोरोना संक्रमण बढ्न थालेपछि जिल्लाका सबै विद्यालय बन्द भएका तथा केहीमा क्वारेण्टाईन पनि सञ्चालन गरिएको थियो । हाल विद्यालयलाई क्वारेण्टाईन मुक्त गरिएको भए पनि पठनपाठन सुचारु हुन सकेको छैन । लामो समयको विद्यालय बन्दले विद्यार्थीको पढाई बिग्रेको महशुस गरी जिल्लाको खडक नगरपालिकाले करीब दुई साता अघि उक्त नगर क्षेत्र भित्रका विद्यालय सञ्चालन गर्ने निर्णय गरेको थियो । तर,संक्रमण बढ्दै गएको समयमा विद्यालय खोल्न नहुने भनि अभिभावकहरु नै बिरोधमा उत्रेपछि चार दिन चलेर विद्यालयहरु बन्द गरिए । उसै पनि विद्यालयमा फर्निचर पर्याप्त नरहेका कारण सामाजिक दूरी कायम गराएर विद्यार्थीलाई राख्न सम्भव नरहेको तथा भिडभाडमा संक्रमणको जोखिम पनि बढ्ने भन्दै नगरपालिका स्तरीय निर्णयबाट विद्यालय खोल्ने निर्णय भए पनि अभिभावक बिरोधमा उत्रेका हुन् ।

जिल्ला शिक्षा तथा समन्वय ईकाई सप्तरीका प्रमुख फणिन्द्र खत्रीका अनुसार सामूदायिक तर्फ एक लाख सात सय ६ तथा निजी विद्यालयका ३४ हजार ६ सय २९ गरी कक्षा १ देखि १२सम्म कूल एक लाख ३५ हजार ३ सय ३५ विद्यार्थी सप्तरीमा अध्ययनरत छन् । कोरोना कहरका कारणले ती सबै कुनै न कुनै रुपले प्रभावित रहेको खत्रीको कथन छ । लामो समय बन्द रहेका कारण शैक्षिक क्यालेण्डर पनि प्रभावित हुने अवस्था आईसकेको बताउँदै उनले भने,अवस्था यस्तै रहने हो भने तोकिएको समयमा पाठ्यभार पूरा गर्न समेत समस्या हुनेछ । विद्यालय लामो समय बन्द रहेको तथा अवस्था सामान्य कहिले हुने भन्ने निश्चित न रहेका कारण अनलाईन कक्षाको विकल्प दिन सकिन्न र ? भन्ने प्रश्नमा खत्रीको कथन छ,अनलाईन बिधिमा सबैको पहुँचको अवस्था छैन ।

सबै ठाउँमा ईन्टरनेटको पहुँच पनि नरहेको तथा विपन्नताका कारणले पनि जिल्लाका सबै विद्यार्थीको यसमा पहुँचको अवस्था नरहेको उनले बताए । जिल्लाकै तिलाठी कोईलाडी गाउँपालिकाले लामो समय विद्यालय बन्द रहेका कारण केही समय एफएम मार्फत कक्षा सञ्चालनको उपाय पनि अबलम्बन नगरेको होईन । स्थानीय सी एफएमसित सम्झौता गरेर गत असारसम्म करीब तीन महिना यस्तो कक्षा सञ्चालन गरेको भए पनि कोरोना संक्रमण बढ्दै गएपछि उत्पन्न विभिन्न कठिनाईका कारण निरन्तरता दिन नसकिएको गाउँपालिका अध्यक्ष सतिषकुमार सिंह बताउँछन् । कुनै समय सबैभन्दा बढी शिक्षितहरुको बसोबास रहेको तिलाठीमा पछि खस्कँदै गएको शैक्षिक स्तर उकास्नकालागि आफूहरुले सकेसम्म प्रयास गरेको बताउँदै उनले भने,समय नै प्रतिकूल बनेको छ तथापि हामी सकेसम्म प्रयासमै छौं ।

गाउँपालिकाकै बजेटबाट दलित बस्तीका वालवालिकालाई निःशुल्क अभ्यास पुस्तिका वितरणका साथै विद्यालयका बालबालिकामा पढाईप्रति उत्प्रेरणा जगाउनकालागि एसईईमा उत्कृष्ट १० स्थान ल्याउने गाउँपालिका भित्रका विद्यालयमा अध्ययनरत छात्रछात्रालाई गाउँपालिकाको स्रोतबाटै एक एक थान साईकल र ल्यापटप दिने व्यवस्था समेत मिलाईएको सिंहको कथन छ । प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले मुख्यमन्त्री बेटी पढाउ बेटी बँचाउ कार्यक्रम मार्फत विद्यालयमा वालिकाको आकर्षण बढाउन ल्याएको साईकल वितरणको व्यवस्था सकारात्मक रहेको अवस्थामा गाउँपालिका स्तरबाट पनि आफूहरुले सक्दो प्रयास गरी नै रहेको र यसमा कुनै कसर बाँकी नराखिने उनको दृढोक्ति छ ।

हामी त सक्दो गरि नै रहेका छौं,उनले भने,समय नै विकराल बनेपछि कसको के लाग्दो रहेछ र ? कोरोनाको बढ्दो जोखिमका वीच कसरी अघि बढ्ने भन्ने विषयमा सरकारले ठोस योजना नल्याए वालवालिकाको पढाई अझै चौपट बन्ने अभिभावकहरुको भनाई छ । कोरोनाको कहर कहिलेसम्म रहन्छ त्यसको यकीन नरहेको बताउँदै तिलाठीका अभिभावक श्यामकान्त मिश्र भन्छन्,बालवालिकाको सुरक्षालाई ध्यानमा राख्दै पठनपाठन कसरी अघि बढाउन सकिन्छ भन्नेमा सोच्न जरुरी भईसकेको छ ।

यस्तै राजविराज ७ निवासी अर्का अभिभावक वालवालिकाको पढाई कसरी अघि बढाउने भन्ने विषयमा अब पनि सोचिएन भने यसले उनीहरुमा अझै बिचलन आउन सक्ने भन्दै चिन्ता व्यक्त गरे । दैनिक सात, आठ घण्टा विद्यालयमा शिक्षकको प्रत्यक्ष निगरानीमा पढ्दै आएका बालवालिकालाई पढाईमा टिकाई राख्न यसरी विद्यालय बन्द गरेर मात्र दायित्व पूरा नहुने भन्दै समयसापेक्ष विकल्प सरकारले नै दिन जरुरी रहेको बताए । तिलाठी कोईलाडी ३ स्थित उग्रकान्त माविका प्रधानाध्यापक उग्रकान्त झाले लामो समयदेखि विद्यालय बन्द रहनाले विद्यार्थीको पढाईबाट रुची हराउन थालेको बताए ।

गाउँघरमा अभिभावक आफ्नै कामले बेफुर्सद रहने गरेको तथा विद्यालय नगई घर बसेका वालवालिकामा पढाईको चिन्ता हट्दै गएका कारण खेल्न तथा अन्य अबाञ्छित गतिबिधिमा लाग्ने सम्भावना बढेको बताउँदै उनले थपे,कतिपय विद्यार्थी त नशा सेवनको कुलतमा परेको सम्म हामीले जानकारी पाएका छौं । जिल्ला शिक्षा तथा समन्वय इकाई शाखा सप्तरीका प्रमुख खत्रीले जोखिमको यस अवस्थामा कसरी अघि बढ्न सकिन्छ भन्ने बारेमा जिल्लाका १८ वटै स्थानीय तहका प्रमुख,उपप्रमुख,विद्यालयका प्रधानाध्यापक,नागरिक अगुवा तथा अन्य सरोकारवालासित नियमित छलफल जारी रहेको बताएका छन् ।

जिल्लाको वस्तुस्थितिका बारेमा केन्द्रलाई नियमित जानकारी गराईएको बताउँदै उनले भने,अहिले पनि शैक्षिक क्यालेण्डर पूर्णरुपमा प्रभावित भईसकेको छैन हामी सरकारको बैकल्पिक योजनाको प्रतीक्षामा छौं ।

सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सरकारलाई मानव अधिकार आयोगको आग्रह

काठमाडौं, ४ कात्तिक (रासस)।

राष्ट्रिय मानव अधिकार आयोगले कोभिड-१९ को जटिल परिस्थितिमा सङ्क्रमित बिरामीको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न र मृत्यु भएकाको शव व्यवस्थापन गरी नागरिकको संविधान प्रदत्त स्वास्थ्यसम्बन्धी हकको सुनिश्चितता गर्न सरकारलाई आग्रह गरेको छ।

आयोगमा सचिव वेदप्रसाद भट्टराइले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा सरकारले सरकारी अस्पतालले 'कोरोना सङ्क्रमण भई उपचारत बिरामीले यही कात्तिक २ गतेदेखि लागू हुने गरी सम्पूर्ण खर्च बिरामी स्वयंले व्यहोर्नुपर्ने' भनी सूचना प्रकाशित गरेकोप्रति ध्यानाकर्षण जनाउँदै सो आग्रह गरेको छ।

विश्वव्यापीरुपमा फैलिरहेको कोभिड-१९ बाट सङ्क्रमितको सङ्ख्या पछिल्लो समय दिन प्रतिदिन तीव्र गतिमा बढ्दै गइरहेको अवस्थामा सरकारले अबदेखि कोभिडका बिरामीको उपचार खर्च नब्योहोर्ने, सङ्क्रमणबाट मृत्यु भएका व्यक्तिको शव व्यवस्थापनसमेत नगर्ने र सम्बन्धित व्यक्ति वा परिवारले आफैं शव व्यवस्थापन गर्नुपर्ने भन्नेमा आयोगले ध्यानाकर्षण जनाएको छ।

नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ सेवा निःशुल्क प्राप्त गर्ने हक हुने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हकको सुनिश्चितता गरेको छ।

जनस्वास्थ सेवा ऐन, २०७५ कोदफा २ (ख) मा सरुवा रोगको उपचारसम्बन्धी आधारभूत सेवा निःशुल्करुपमा प्राप्त हुने व्यवस्था गरिएको छ। संविधान तथा ऐनका यी व्यवस्थाविपरीत कोभिड-१९ जस्तो विश्वव्यापी महामारीबाट आक्रान्त नागरिकको उपचारबाट पच्छिएर राज्य नागरिकको स्वास्थ्यसम्बन्धी हकको सुनिश्चितता गर्ने दायित्वबाट विमुख हुन मिल्दैन।

# कञ्चनरूपमा बन्यो थारू संग्रहालय भवन

सप्तरी, ४ कात्तिक (रासस)।

सप्तरीको कञ्चनरुप नगरपालिका-६ जमुवामा थारू सांस्कृतिक सङ्ग्रहालय भवन निर्माण भएको छ।

थारु समुदायको ऐतिहासिक रहन सहन, संस्कृति र जनजीवनलाई जीवन्त राख्न तथा यसलाई पर्यटकीय केन्द्र बनाउने उद्देश्यले स्थापना गर्न लागिएको सो सङग्रालय भवनको कोशीटप्पु वन्यजन्तु आरक्षका प्रमुख संरक्षण अधिकृत रामदेव चौधरीले सोमबार उद्घाटन गर्नुभयो।

एक कठ्ठा क्षेत्रफलमा रु ६८ लाख ७५ हजारको लागतमा दुई तलाको सङ्ग्रहालय भवन निर्माण भएको पूर्व पिप्रा धरमपुर घोघनपुर उपभोक्ता समितिले जनाएको छ। समितिका अध्यक्ष बच्चुलाल चौधरीका अनुसार वन तथा वातावरण मन्त्रालयबाट प्राप्त रु ५५ लाखको विशेष आर्थिक सहयोग तथा जनश्रमदानबाट रु १३ लाख ७५ हजार गरी कूल रु ६८ लाख ७५ हजारमा सो भवन निर्माण भएको हो।

सो अवसरमा नगरप्रमुख वसन्त मिश्रले थारू जातिको कला, संस्कृतिको संरक्षणका लागि साँस्कृतिक सङ्ग्रहालयले महत्वपूर्ण भूमिका खेल्ने र नगरकै आर्थिक समृद्धिमा योगदान दिने आशा व्यक्त गर्नुभयो। थारु समुदायको परम्परागत रहनसहन, रीतिरिवाज, कला, संस्कृति संरक्षण गर्नुपर्नेमा बताउँदै उहाँले परम्पराका नाममा हुने हानिकारक चलन भने छाड्न आग्रह गर्नुभयो।

साढे दुई वर्षअघि २०७५ वैशाखमा थारू कला, संस्कृति, परिकार र पहिचानको जगेर्ना गर्नुपर्छ भन्दै थारू अगुवाको पहलमा उक्त ठाउँमा आठवटा घरवास थालनी भएको छ। आफ्नो भाषा, वेषभूषा, कला, संस्कृति अमूल्य सम्पत्ति भएको र यसको संरक्षणमा आफैं लाग्नुपर्छ भन्ने सोचले घरवासपछि थारू सांस्कृतिक सङ्ग्रहालय सञ्चालन गर्न लागिएको महिकर चौधरीले बताउनुभयो।

नजिकै कोशीटप्पु वन्यजन्तु आरक्ष, त्रियुगा र सप्तकोशी नदी, चन्द्रशम्सेरले बनाएको नेपालकै जेठो चन्द्र नहर, प्रसिद्ध धार्मिकस्थल चतरा र बराह क्षेत्र, सामुदायिक वन, चुरे क्षेत्र रहेकाले घरवास र सङ्ग्रहालयलाई आयआर्जनको आधार बनाएर सांस्कृतिक हवका रूपमा विकास गर्न खोजिएको स्थानीय थारू अगुवाहरू बताउँछन्।

थारू समुदायले प्राचीनदेखि वर्तमान समयसम्म परम्परागत रूपमा प्रयोग गर्ने वस्तु सङ्ग्रहालय राखिने बताइएको छ।

***किरा र लेदोसहितको ...***

बेहोस भई लडेको र अहिले बिराटनगरस्थित सप्तकोशी अस्पतालमा भर्ना रहेको जानकारी दिएका छन्।

यस्तै राजविराज ६ का अरुणकुमार देवले ६ दिन अघि तिर्खा लागेर नेता चौकस्थित एक पसलबाट प्रशोधित पानी भनेर ब्रान्डिङ गरेको सिलप्याक एकुवा बोतल किनेर पिउने क्रममा किरा, लेउ र लेदो भेटिएको सुनाए। उनले हतारहतारमा पानी खाएको र मुखको स्वाद बिग्रिएपछि बोतलभित्र हेर्दा किरा तैरिरहेको देखेको सुनाए। बोतलमा लेदो र किरा फेला परेपछि पसलका अन्य बोतल पनि चेक गर्दा सिलप्याक गरिएका अन्य चार बोतलमा पनि लेदो फेला परेको उनले बताए।

उनले सोही पनि पिउँदा आफू पनि बिरामी भई चार दिनसम्म गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारका लागि भर्ना रहेको सुनाए।

उत्पादक कम्पनीका संचालक दिनेश चौधरीसँग जिज्ञासा राख्दा हजारौं बोतल प्याक गर्दा केहीमा भुलवस त्यस्तो हुन गएको गैरजिम्मेवारपूर्ण जवाफ दिएका छन्। उनले कोरोनाको जोखिमका कारण प्रशोधित पानी बोतलभित्र प्याक गर्दा कामदारले हातमा ग्लब्स लगाउने गरेको र सोही कारणले किरा र लेदो यकिन गर्न समस्या भएको बताए।

यसबारे किरायुक्त सिलप्याक बोतल लिएर यहाँस्थित खाद्यप्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजमा सम्पर्क गर्दा कार्यालय प्रमुख सुरेश सिंहले उत्पादक कम्पनीलाई आवश्यक कारवाही गर्ने प्रतिबद्धता जनाएका छन्।






## विश्व समाचार

# खुकुलो लकडाउन भएरपनि संक्रमणमुक्त भएकाहरुको संख्या भारतमा धेरै : मोदी

नयाँ दिल्ली, ४ कात्तिक (रासस/एएनआई)।

लचिलो लकडाउन भएर पनि सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या धेरै भएको मुलुकमा भारत अग्रस्थानमा रहेको भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बताउनु भएको छ।

उहाँले भारतमा औसतमा ८८ प्रतिशत सङ्क्रमितहरु सङ्क्रमणमुक्त भएको सोमबार जानकारी दिनुभयो।

लकडाउन लचिलो भएर पनि सङ्क्रमणमुक्त हुनेहरुको यो सङ्ख्या विश्वमै एक मात्र र पहिलो देश भारत भएको उहाँको दावी छ।

ग्रान्ड च्यालेन्ज एनुयल मिटिङलाई भिडियोमार्फत् सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले भन्नुभयो, "भारतको आकार, विविधता र मात्रा देखेर विश्व सँधै लोभिएको छ।"

"हाम्रो जनसङ्ख्या अमेरिकाको भन्दा झण्डै झण्डै चार गुणा बढी छ, हाम्रा धेरै राज्यहरु युरोप र एसियाका देशभन्दा बढी प्रदुषित छन्, तर पनि हाम्रोमा कोरोनाका कारण मृत्यु भएकाहरुको सङ्ख्या अत्यन्त कम छ," उहाँले थप्नुभयो।

प्रधानमन्त्री मोदीले भारतमा सङ्क्रमितहरुको सङ्ख्या दिनप्रति दिन घट्दै गइरहेको र सङ्क्रमणमुक्त भएकाहरुका सङ्ख्या पनि उच्च रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "यति धेरै जनसङ्ख्या भएको मुलुकमा लकडाउन लचिलो बनाउँदा समेत सङ्क्रमित भएकाहरुको सङ्ख्या निकै कम रहेको छ। यस्तो अवस्था विश्वको सायद कुनै पनि देशमा छैन।"

मास्कको प्रयोगका लागि प्रेरित गर्ने मुलुकमा पनि भारत सबैभन्दा अगाडि रहेको प्रधानमन्त्री मोदीले दावी गर्नुभयो।

"हामीले काम रोकेका छैनौं, खोपका लागि पनि प्रयास भइरहेको छ, अरु पनि धेरै उपायहरु हामीले अवलम्बन गरेका छौं," उहाँले भन्नुभयो।

# पाकिस्तानमा टिकटक प्रतिबन्धात्मक व्यवस्था फेरि खुकुलो

इस्लामावाद, ४ कात्तिक (रासस/एएनआई)।

छोटो भिडियो शेयर गर्ने एप टिकटकको प्रयोगमा प्रतिवन्ध लगाइएको पाकिस्तानले अहिले फेरी खुकुलो बनाएको छ।

पूर्णरुपमा प्रतिवन्ध लगाइको दश दिनपछि केही प्रतिबन्धात्मक व्यवस्था कायम राख्दै टिकटक प्रयोग गर्न पाइने व्यवस्था गरिएको हो।

पाकिस्तानका सरकारी अधिकारीहरुले सोमवारदेखि पुरानो निर्णयलाई संशोधन गरिएको जानकारी दिएका छन्।

पाकिस्तानी टेलिकम्युनिकेशन प्राधिकरणले सांस्कृतिक र परम्परागत संस्कारलाई नकारात्मक असर पारेको भन्दै प्रतिवन्ध लगाउने निर्णय गरेको थियो।

मुस्लीम मुलुकमा प्रचलनमा रहेका सामाजिक मुल्य मान्यताको उल्लङ्घन भएको र मुस्लिम संस्कृतिमा नसुहाउने गतिविधिहरु टिकटकमार्फत् भएको भन्दै प्राधिकरणमा उजुरी पनि परेको प्राधिकरणले जनाएको थियो।

प्राधिकरणमा परेको उजुरी, विभिन्न क्षेत्रका व्यक्तिहरुको सुझाव तथा दवावका कारण पाकिस्तान सरकारले यही अक्टोबर ९ तारिखदेखि पाकिस्तानमा टिकटक प्रतिवन्ध लगाएको थियो।

तर अहिले भने सांस्कृति रुपमा असर नपार्ने र उच्छृङ्खल नहुने किसिमका भिडियोहरु भने शेयर गर्न पाउने गरी केही खुकुलो बनाइएको प्राधिकरणका अधिकारीहरुको भनाई छ।

टिकटक प्रतिवन्ध लगाउने सरकारको निर्णयका बारेमा संसद्मा कुरा उठेर छलफल हुँदा केही प्रतिबन्धात्मक व्यवस्थासहित खुकुलो बनाउनु उपयुक्त हुने सुझाव आएपछि खुकुलो बनाउने निर्णय भएको समाचारमा जनाइएको छ।

# बम विस्फोट हुँदा अफगानिस्तानमा पाँचको मृत्यु, नौ घाइते

काबुल, ४ कात्तिक (रासस/एएनआई)।

बम विस्फोट हुँदा अफगानिस्तानमा कम्तीमा पाँचको मृत्यु भएको छ।

सरकारी अधिकारीहरुले दिएको जानकारी अनुसार घटनामा परी अरु नौ जना घाइते पनि भएका छन्।

अफगानिस्तानको मैदान वार्डाक प्रान्त अन्तर्गत पर्ने जर्लेज जिल्लामा घटना भएको प्रान्तीय सरकारले पुष्टि गरेको छ।

"सडक छेउमा भएको बम विस्फोटनको घटनामा परी कम्तीमा पाँच जनाको मृत्यु भएको छ भने नौ जना घाइते भएको प्रान्तीय सरकारका अधिकारीहरुले जनाएका छन्," टोलोन्युजले लेखेको छ।

# विपन्न १ सय ६८ परिवारलाई खाद्यान्नसहित शैक्षिक तथा सरसफाई सामाग्री बितरण



**दैनिक समाचारदाता**
**राजविराज, ४ कात्तिक ।**

कोरोना महामारीका बीच अति, गरिव तथा असहाय परिवारलाई गुजारा चलाउनको निम्ति कठिनाई भएपछि सबल नेपालले खाद्यान्न, शैक्षिक तथा सरसफाई सामग्री बितरण गरेको छ ।

सप्तरीको खडक नगरपालिका वडा १, २, ३ र ५ तथा सुरुङ्गा नगरपालिकाको ३, ९ र १० अति प्रभावित १ सय ६८ परिवारलाई प्रतिपरिवार ८ हजार ६ सय २५ बराबरको खाद्यान्न र आवश्यकता अनुसार २ हजार ५ सय पर्ने शैक्षिक सामग्री, एक हजार बरावरको बेबी प्याक सेभ द चिल्ड्रेनको सहयोगमा वितरण गरिएको हो ।

सुरुङ्गा नगरपालिकास्थित कदमाहामा नगर प्रमुख मुक्तिनाथ चौधरीले सो कार्यक्रमको सुरूवात गर्दै नगरका सबै प्रभावित परिवारहरुलाई सहयोग गर्ने योजना रहेको बतााए । उनले संकटको बेलामा सबल नेपाल र सेभ द चिल्ड्रेनले पुऱ्याएको सहयोगको प्रशंसा गरे ।

उक्त कार्यक्रममा अनावश्यक भिड र झन्झट न्यूनीकरण गर्नका लागि प्रभु बैंक लिमिटेडको प्राविधिक सहयोगममा मार्फत उक्त सामग्रीहरु प्रभावित परिवारहरुलाई भौचर कोडलाई उपलब्ध गराई छुटाछुट्टै तोकिएको पसलमा सेवाग्राहीले सजिलै सामग्री सँग साट्ने गरि व्यवस्था मिलाउनमा सहयोग गरेको सबल नेपालका कार्यक्रम अधिकृत रोशन मण्डलले बताए ।

यस अघि पनि सबल नेपालले नै बन्दाबन्दिको कारण जिविकोपार्जन र रोजगार गुमाएका १ सय ५० बढी परिवारलाई सहयोग गरेको थियो ।

# छिन्नमस्ता गाउँपालिकाद्वारा सूचना दिन आलटाल



**दैनिक समाचारदाता**
**राजविराज, ४ कात्तिक ।**

सप्तरीको छिन्नमस्ता गाँउपालिकाको कार्यालयले सम्पन्न गरेको योजनाहरूको सूचना दिन आलटाल गरेको छ ।

स्थानिय युवाहरूद्वारा संचालित सामाजिक रूपान्तरण युवाहरू अभियान नामक संस्थाले गाउँपालिकामा बारम्वार सुचना माग गर्दा पनि अटेर गरेको हो ।

संस्थाका संयोजक कृष्णा मण्डलसहितका युवाहरूले लिखित सुचनाको हक सम्बन्धी नेपालको संविधानको धारा २७ तथा सुचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ३ को उपदफा १ बमोजिम गाउँपालिकालाई लिखित रूपमा माग गरेको छ ।

युवाहरूले आ.व. २०७३/०७४ देखि आ.व. ०७६/०७७ सम्मको सम्पुर्ण वडा सहितको छुट्टाछुट्टै आयव्यय विवरण आ.व. २०७३/०७४ देखि आ.व. ०७६/०७७ सम्मको महालेखा परीक्षक प्रतिवेदनको प्रतिलिपी माँग गरेको अभियानका संयोजक कृष्णा मण्डलले जानकारी दिएका छन् ।

यसैगरी कार्यालय अन्तर्गत कार्यरत रहेका सम्पुर्ण कर्मचारीहरुको संगठन संरचना स्वीकृत गरिएको दरबन्दी तेरिजका साथ साथै के कुन कर्मचारीहरु के कुन मितिदेखि के कुन प्रकृयाबाट आएका हुन सो सम्बन्धी कागजातहरुको सम्बन्धमा सुचना माँग गरिएको छ ।

गाउँपालिकाले ०७६/०७७ मा भए गरेका सम्पुर्ण आम्दानी तथा खर्चहरुको छुट्टाछुट्टै विवरणका साथै क्वारेन्टाइन संचालन तथा राहत वितरण सम्बन्धी खर्च र कोभिड १९ रोग नियन्त्रणका लागि भए गरेका खर्चहरुको विवरण समेत माँग गरेपनि कार्यालयले दिन अटेर गरेको छ ।

यता गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत खेम थापाले सूचनाहरु दशै पछि दिने जानकारी दिएको संयोजक मण्डलले बताए ।

# पिसिआर परीक्षणको व्यवस्था नहटाउन शान्ति समाजको माग

काठमाडौँ, ४ कात्तिक (रासस) ।

कोभिड-१९ सङ्क्रमण नेपालमा भयावह हुँदै गइरहेको स्थितिमा पिसिआर परीक्षण निःशुल्करुपमा व्यापक विस्तार गर्न मानव अधिकार तथा शान्ति समाजले माग गरेको छ । सङ्क्रमणको चाप अनुसार समुचित उपचारको व्यवस्था गर्नुपर्ने र सङ्क्रमण विस्तार हुन नदिन आवश्यक प्रबन्धसहित मापदण्ड अवलम्बन गर्नुपर्नेमा सरकार दिनप्रतिदिन फितलो हुँदै गएको समाजका महासचिव सुशील बस्नेतले मंगलबार विज्ञप्तिमार्फत माग गर्नुभएको हो ।

"नागरिकको स्वास्थ्य, शिक्षा र जीवनयापनका सवालमा गम्भीर भई आवश्यक प्रबन्धसहितको व्यवस्था गर्न सरकारलाई समाज विशेष आग्रह गर्दछ", उहाँले भन्नुभएको छ । सङ्क्रमण व्यापक हुँदै गएको र मृत्युदरसमेत बढ्दै गएको समयमा उपचारका लागि अत्यावश्यक आइसियु, भेन्टिलेटरसहितका अस्पतालको सङ्ख्या वृद्धि गर्नुपर्नेमा बस्नेतले जोड दिनुभएको छ ।

## सामुदायिक सेवा केन्द्र राजविराजको जरुरी सूचना

वडा दशैं, दिपावली र छठ पर्व २०७७ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्नुका साथै सामुदायिक सेवा केन्द्रको विधान २०६९ अनुसार २०७५/७/१७ मा सहमतिबाट निर्वाचित जिल्ला कार्य समितिको २ वर्षे अवधी यही २०७७/७/१६ मा समाप्त हुने भएता पनि अहिलेको कहालिदो परिस्थितिमा निर्वाचन गराउन असम्भव हुने भएकोले मिति २०७७/६/२७ को निर्णय अनुसार २०७८ बैशाखसम्म वर्तमान समितिलाई कामकाज गर्न गराउन यथावत राख्ने भएकोले सम्बन्धीत आजिवन सदस्य ज्यूहरुलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**सामुदायिक सेवा केन्द्र, राजविराज**

तिरहुत गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गोइठी, सप्तरी
प्रदेश नं. : २, नेपाल

प.सं. :०७७/०७८
च.नं. :

मिति : २०७७०७०५

**विषय : विधालयको लेखा परीक्षण सम्बन्धमा ।**

**श्री सम्बद्ध सरोकारवालाहरु ।**

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत सञ्चालित विधालयहरुको आर्थिक वर्ष २०७५/०७६ र आ.व.०७६/०७७ को आर्थिक लेखा परीक्षण गर्न चाहने इक्छुक महानुभावहरुले देहायका कागजातहरु सहित मिति २०७७ साल कार्तिक १९ गते बुधवार सम्ममा यस गाउँ कार्यपालिकाको शिक्षा शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**तपसिल**

- विधालय लेखा गर्न चाहने व्यक्तिको व्यक्तिगत निवेदन
- स्थायी लेखा नंबरको प्रतिलिपि
- आ.व. ०७६/०७७ सम्मको करचुक्ता प्रमाण पत्र
- दर्तावाला लेखा परीक्षण प्रमाण पत्रको प्रतिलिपि
- कार्य गरेको अनुभवको प्रतिलिपि


## मंगलमय शुभकामना

हिन्दुहरुको महान चाडपर्व वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण जिल्लावासी, नगरवासी, वडावासी, शेयर सदस्य तथा सम्पूर्ण संस्थासँग आवद्ध शुभचिन्तकहरुमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था**
**राजविराज ९ (हाल ८), परिवार**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np